जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ८९ २०७८ साल कात्तिक १३ गते शनिबार (30 Oct. 2021 Saturday) मूल्य रु. ५/-

चाडपर्व हाम्रा साँस्कृतिक पहिचान,
मद्यपान र जुवातास विकृतिका मुहान ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : नागरिकको हितमा सरकार : एक... ३ पृष्ठमा : विश्वमा बर्सेनि एक करोड ... ३ पृष्ठमा पूर्ण मात्रा खोप लगाएक...

## सप्तरीका भोगेन्द्र साहले सगरमाथा आधार शिविरमा पाइला टेके




सप्तरीको शम्भुनाथ नगरपालिका १ का २८ वर्षिय भोगेन्द्र साह, महोत्तरी बर्दिवासका ३४ वर्षिय प्रदिप कार्की र २८ वर्षिय संजोग फुयाल सगरमाथा आधार शिविर र कालापत्थरको ट्रेकिङ सफलतापूर्वक पूरा गरेको क्षण । *(माथी इनसेटमा भोगेन्द्र साह)* ***तस्बिर सौजन्य : भोगेन्द्र साह***

**दैनिक समाचारदाता राजविराज, १२ कात्तिक ।**
सप्तरीको शम्भुनाथ नगरपालिका १ का २८ वर्षिय भोगेन्द्र साह सगरमाथा आधार शिविर र कालापत्थरको ट्रेकिङ सफलतापूर्वक पूरा गरेका छन् ।

सगरमाथा आधार शिविर र काला पत्थरसम्मको ट्रेकिङ सफलतापूर्वक पूरा गर्ने साह सम्भवत सप्तरीका पहिलो व्यक्ति हुन् । यस्तै उनीसँगै महोत्तरी बर्दिवासका ३४ वर्षिय प्रदिप कार्की र २८ वर्षिय संजोग फुयाल पनि ट्रेकिङ सफलतापूर्वक सम्पन्न गरेका हुन् ।

उनीहरुले ५ हजार ३ सय ६४ मिटर उचाईमा रहेको सगरमाथा आधार शिविर र ५ हजार ६ सय ४४ मिटर उचाईमा रहेको कालापत्थरसम्मको यात्रा १३ दिनमा पूरा गरे ।

जहाजबाट लुक्ला पुगेर असोज २२ गतेदेखी साहसहितको तीन सदस्यीय टोलीले जन्जोबाट पदयात्राको सुरुवात गरेका थिए । जन्जोबाट नाम्चे बजार, तेम्बोचे, जिङबोचे, लुबोचे हुँदै सगरमाथा आधार शिविर र त्यसपछि काला पत्थरसम्म पुगि त्यहाको धर्तीलाई टेक्ने र राष्ट्रिय झण्डा फहराउने सौभाग्य प्राप्त गरेको साहले सुनाए ।

उनीहरुले यात्राका क्रममा डाउन ज्याकेट, ट्रेकिङ शुज, टर्च लाइट, ब्लो ग्लोब्स, इनर, सक्स, आवश्यक औषधी बोकेका थिए । पदयात्राका क्रममा रातीको समयमा भने स्लिपिङ ब्यागको प्रयोग गरि केही बेर बिश्राम गर्ने गर्ने गरेको साहले अनुभव सुनाए ।

तत्कालिन शम्भुनाथ गाविसका प्रधानपञ्च एवं समाजसेवी जगरनाथ मुन्धडाले साहको साहसिक कदम जिल्लाकै लागि गौरवको विषय भएको भन्दै सगरमाथा आधार शिविर र कालापत्थरको सफलतापूर्वक ट्रेकिङ पुरा गर्ने साह जिल्लाकै पहिलो व्यक्ति भएको दाबी समेत गरे ।

## कार्यकर्ता रिहाईको माग गर्दै मसाल जुलुस प्रदर्शन



**दैनिक समाचारदाता राजविराज, १२ कात्तिक ।**
कार्यकर्ताको रिहाईको माग गर्दै आन्दोलनरत जनमत पार्टीले शुक्रबार राजविराजसहित जिल्लाको प्रमुख बजारमा मसाल जुलुस प्रदर्शन गरेको छ ।

राजविराजमा शिवमन्दिरको प्राङ्गणबाट मसालसहित निस्केको जुलुसले कार्यकर्ता रिहाईको माग तथा सरकारबिरुद्ध चर्को नाराबाजी गर्दै बजारको विभिन्न भागको परिक्रमा गरेको थियो ।

काममा ढिलासुस्ती तथा विकास निर्माण कार्यमा आर्थिक अनियमितता गरेको भन्दै कात्तिक ४ गते जनकपुरमा संघीय ढल विकास तथा खानेपानी कार्यालयका निमित्त प्रमुख इन्जिनियर जागेश्वर कुशवाहामाथी भएको दुर्व्यवहारमा संलग्न रहेको आरोपमा जनमत पार्टीका १७ जना कार्यकर्तालाई प्रहरीले पक्राउ गरि मुद्दा दर्ता गरेको छ ।

यसअघि सोमबार आन्दोलन समिति गठन र सिटी जुलुस, मंगलबार मोटरसाइकल र्‍याली,

***बाँकी तीन पृष्ठमा***


**leadership mentoring programme**

**A year-long mentorship programme for young women in Nepal to enhance leadership skills**

**Deadline: Tuesday, 16 November 2021, 23:59 NPT**
**To Apply: bit.ly/3ALJ1XL**

काठमाडौं स्थित बेलायती दूतावासले महिला तथा बालिकाहरुलाई सशक्तिकरण गर्न सहयोगी सम्बन्ध निर्माण र प्रवर्द्धन गर्नु महत्वपूर्ण रहेको विश्वास गर्दछ। तसर्थ, बाल बालिकाको अन्तर्राष्ट्रिय दिवस २०२१ मा, महिलाहरुले नेतृत्व गरेका दूतावास र विकास एजेन्सीहरूको समूहद्वारा सञ्चालित यस एक वर्ष लामो मार्गदर्शन कार्यक्रमको हिस्सा बन्न, हामी नेपालका सबै युवा महिलाहरूलाई आह्वान गर्दैछौं।

सफल उम्मेदवारहरुले आफ्नो नेतृत्व सिप विकास गर्नका निम्ति काठमाडौं स्थित महिला राजदूतहरु र एजेन्सीहरूका प्रमुखहरूबाट मार्गनिर्देशन (मेन्टरीङ) प्राप्त गर्ने अवसर पाउनेछन्।

सफल आवेदकहरूलाई निम्न अनुभवी सहयात्रीहरु (मेन्टर्स) मध्ये एकद्वारा मार्गनिर्देशन गरिनेछ:

- नेपालका लागि बेलायती राजदूत, महामहिम निकोला पोलिट् (**Nicola Pollitt**)
- नेपालका लागि अस्ट्रेलियाली राजदूत, महामहिम फेलीसिटी भोल्क (**Felicity Volk**)
- नेपालका लागि युरोपियन यूनिएनका राजदूत, महामहिम नोना डुप्रेज (**Nona Duprez**)
- नेपालको लागी स्विट्जरल्याण्डका राजदूत, महामहिम एलीजाबेथ भन कपेलर (**Elisabeth von Capeller**)
- यूएसएआईडीकी प्रमुख सेपीडे कीभ्यान्सड् (**Sepideh Keyvanshad**)
- ब्रीटिस काउनशील नेपालकी राष्ट्रिय निर्देशक शाहीदा म्याकडोगल (**Shahida MacDougall**)
- संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, सारा बेसोलो न्यान्टी (**Sara Beysolow Nyanti**)
- नेपालका लागी यूनीसेफकी प्रतिनिधि एल्के विस्च (**Elke Wisch**)
- यूएनडीपीकी आवासीय प्रतिनिधि एशानी मेडागन्गोडा- लाबे (**Ayshanie Medagangoda–Labe**)

कसरी आवेदन पेश गर्ने भनेर पूर्ण जानकारी पाउनको लागि, कृपया **www.gov.uk/government/news/participate-in-a-womens-leadership-mentoring-programme-in-nepal** मा जानुहोस्।



## साधारण सभा सम्बन्धी सुचना

उपरोक्त विषयमा यस संस्थाको १० (दशौं) बार्षिक साधारण सभा तपसिलका मिति, समय र स्थानमा हुने भएको ब्यहोराको पत्र तथा प्रतिवेदन सम्पुर्ण शेयर धनी महानुभावहरुलाई पठाई सकिएको छ । कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधार मानी उक्त समय र स्थानमा अनिवार्य उपस्थितिको लागी हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल**

१.मिती :- २०७८/०७/१३ गते शनिबार
२.समय :- बिहान १० बजे देखी
३.स्थान :- संस्थाको सेलर मिल राजविराज ९, मलेठ, रुपनी रोड सप्तरी

**जन ज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ, सप्तरी**

## सम्पादकीय

# जनताप्रति जवाफदेहिता होऔं

केही दिनयता लामखुट्टे र विभिन्न किराहरुका कारण राजविराज नगरपालिका वासी हैरान छन् । नगरपालिका बजार क्षेत्रमा सरसफाइका कारण लामखुट्टेको प्रभाव निकै बढेको हो । सरसफाइको कमि र ढल नालाहरु सूचारु नभई पानी सडकमै बग्ने भएकोले लामखुट्टे बढेको हो । यता पुराना नालाहरु साँगुरो र फोहरले पुरिदा समेत नगरपालिकाको ध्यान पुग्न सकेको छैन् । सडकहरुको निर्माण कार्य भइरहेको बेला फोहर व्यवस्थापन उचित ढंगले हुन नसक्दा बटुवाहरुले झनै सास्ती व्यहोर्नु परेको छ ।

वितगमा नगरपालिकाले लामखुट्टे लाग्ने समयमा बजारको विभिन्न क्षेत्रहरुमा औषधि समेत छर्कने गरेकोमा हाल यस्तो कुनै कार्य गर्न सकेको छैन् । यसप्रति सम्बन्धित निकायले ध्यान नदिएको कि हेलचक्राइ गरेको भन्ने कुरा बुझ्न गाह्रेछ ।

यता दशैं बितिसकेको छ भने तिहार र छठको आगमन हुँदैछ । यस्तो पर्वमा समेत सरसफाइमा ध्यान नदिनु कतिको उचित हो ! पर्वको अवसरमा समेत सरसफाईमा ध्यान नजानु र जनताको भावनालाई बुझ्न नसक्नुलाई जनप्रतिनिधिहरुले मतको कदर नर्गुन हो । जनताको मतबाट चुनिएका जनप्रतिनिधिहरुले जनतालाई नै नटेर्ने र उनीहरुप्रति जवाफदेहिता नहुनु गम्भिर त्रूटी हो । सरसफाइप्रति ध्यान दिएन भने नगर तथा आसपासका क्षेत्रमा महामारी फैलिन सक्ने सम्भावना उत्तिकै छ । तसर्थ यसप्रति हेलचक्राई नगरि गम्भिरतापूर्वक लिनु आवश्यक छ ।

# नागरिकको हितमा सरकार : एक तिहाइ बढीलाई सहुलियतमा बिजुली

काठमाडौं, १२ कात्तिक (रासस) । सरकारले प्रत्यक्षरूपमा मुलुकको कूल जनसङ्ख्याको एक तिहाइभन्दा बढीलाई सहुलियत दरमा बिजुली उपलब्ध गराएको छ ।

नेपाल विद्युत् प्राधिकरणको प्रस्तावमा विद्युत् नियमन आयोगले स्वीकृत गरेको पछिल्लो विद्युत् महशुलले झण्डै एक करोड ४० लाख नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने देखिन्छ । प्राधिकरणको विवरणअनुसार न्यूनतम २० युनिटभन्दा कम बिजुली खपत गर्ने ग्राहक सङ्ख्या झण्डै २२ लाख ५० हजारको हाराहारीमा छन् ।

यस्तै सामुदायिकतर्फ झण्डै पाँच लाख ग्राहक छन् । ती ग्राहकले अब न्यूनतम २० युनिट बिजुली उपभोग गर्दा मात्रै रु ३० तिरे हुने भएको छ । यसबाट कमजोर र गरिबीको रेखामुनी रहेका नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुन्छन् । सरकारले एक घर बराबर पाँच नागरिकको हिसाब गरेको छ । त्यस्तै सिँचाइतर्फ दिइएको सुविधालाई गणना गर्दा प्रत्यक्ष प्रभावितको सङ्ख्या अझै माथि पुग्ने सरकारको बुझाइ छ ।

तत्कालीन ऊर्जामन्त्री जनार्दन शर्माको कार्यकालमा काठमाडौं उपत्यकालगायत देशभर नै विद्युत् भार कटौती अन्त्य गरिएको थियो । त्यसपछि अघिल्ला ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनको कार्यकालमा नागरिकले १० युनिट बिजुली प्रयोग गर्दा रु ३० तिरे हुने व्यवस्था गरिएको थियो । प्रत्यक्षरूपमा प्राधिकरणको लाभ आम नागरिकसम्म पुगोस् भन्ने ध्येयका साथ यसपटक सरकारले २० युनटिसम्म बिजुली प्रयोग गर्दा इनर्जी शुल्क नलाग्ने व्यवस्था गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले गरिबीका रेखामुनि रहेका नागरिकलाई प्रत्यक्षरूपमा लाभ उपलब्ध गराउने लक्ष्यका साथ सरकारले राहत दिएको जानकारी दिनुभयो । नागरिकलाई सरकार छ र सरकारले सबैलाई समानुपातिक रूपमा राहत तथा सेवा सुविधा दिन्छ भन्ने कुराको अनुभूति गराइएको उहाँको भनाइ थियो ।

मन्त्री भुसालले भन्नुभयो, "प्राधिकरणको तथ्याङ्कका आधारमा झण्डै एक करोड ४० नागरिक प्रत्यक्षरूपमा लाभान्वित हुन्छन् । आगामी वर्ष अझै धेरै नागरिकलाई राहत दिन सकिन्छ भन्नेमा हामी छौं ।" सरकारले एलपी ग्यास विस्थापन गर्ने लक्ष्यका साथ सहुलियत दरमा बिजुली उपलब्ध गराउन यो योजना ल्याएको र महशुल पनि सोहीअनुसार व्यवस्थापन गरेको उहाँको भनाइ थियो ।

राजनीतिक रूपमा ठूलो परिवर्तन भएपनि आमजनतामा त्यसले कुनै प्रभाव नपारेको र कुनै पनि परिवर्तनको अनुभव नभएको अवस्थामा सानाभन्दा साना प्रयासले पनि ठूलो राहत दिन सक्छ भन्ने उदाहरण बनेको छ बिजुलीको महशुल समायोजन । प्राधिकरणको प्रणालीमा लगातार बिजुलीको मात्रा थपिँदै गएको छ ।अहिले कूल जडित क्षमता दुई हजार मेगावाटको हाराहारीमा पुगेको छ ।

देशभित्रै बिजुलीको खपत बढाउने लक्ष्यका साथ महशुल क्रमशः घटाउँदै जाने सरकारको योजना छ । सो योजना पूर्णरूपमा कार्यान्वयन भए रु ४० अर्ब बराबरको एलपी ग्यासको आयातलाई प्रत्यक्ष अनुभव हुने गरी घटाउन सकिन्छ भन्ने विश्वास बढेको मन्त्री भुसालको भनाइ थियो ।

गत वर्ष झण्डै १० प्रतिशतले घटेको बिजुलीको महशुल यस पटक फेरी झण्डै तीन प्रतिशतले घटाइएको छ । सिङ्गल फेजबाट बिजुली उपभोग गर्ने ग्राहकका हकमा १५१ देखि २५० युनिट प्रयोग गर्दा पाँच एम्पियर, १५ एम्पियर, ३० एम्पियरका ग्राहकले अब क्रमशः रु १००, १२५ र रु १५० मात्रै महशुल तिरे हुने भएको छ । यसमा समेत साविकको महशुल दरमा रु २५ ले घटाइएको छ । हाल देशभर प्राधिकरणका झण्डै ५० लाख ग्राहक छन् ।

**घकृषि उत्पादन बढाउन सकारात्मक हस्तक्षेप**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले कृषि क्षेत्रमा बढ्दो परनिर्भरता हटाउँदै आत्मनिर्भर बनाउने लक्ष्यका साथ कृषि ग्रीड र प्रसारण लाइन निर्माण गर्ने योजना अगाडि बढाएको छ । सोही आधारमा यसपटक सिँचाइका ग्राहकलाई भारी मात्रामा बिजुलीको महशुलमा छुट दिइएको छ । यसबाट तराईका हजारौं कृषक प्रत्यक्षरूपमा लाभान्वित हुन्छन् । तराईमा सिँचाइका लागि अधिकांशले डिजल पम्पसेट चलाउने गरेका थिए । बिजुलीको सहज उपलब्धता तथा महशुलमा दिइएको सहुलियत अब ती क्षेत्रले प्रत्यक्ष महशुल गर्नेछ । रातिको समयमा हुने चोरीसमेत नियन्त्रण हुने देखिन्छ ।

मन्त्री भुसालका अनुसार टाइ अफ डे (टिओडी) मिटर नराखी ३३ केभी क्षमताको प्रसारण लाइनबाट आपूर्ति लिने सिँचाइका उपभोक्ताले अब प्रतियुनिट दुई रुपैयाँ ५० पैसामा बिजुली प्राप्त गर्ने भएका छन् । यसबाट तराई र पहाडी भूभागका टारमा सहजरूपमा सिँचाइ उपलब्ध गराउन सकिने भएको छ । टिओडी मिटर नराखी ११ केभीबाट बिजुली लिने सिँचाइका ग्राहकले भने दुई रुपैयाँ ६० पैसा प्रतियुनिटमा बिजुली पाउने भएका छन् । यस्तै, २२० देखि ४०० केभी क्षमताका प्रसारण लाइनमार्फत बिजुली लिने ग्राहकले दुई रुपैयाँ २५ पैसामा सिँचाइका लागि बिजुली पाउने भएका छन् ।

तराईका जिल्लामा लामो समयदेखि किसानले माग गर्दै आएको बिजुलीको मूल्य घट्नुपर्ने माग पहिलो पटक सम्बोधन भएको छ । सिँचाइमा सहुलियत दरमा बिजुली उपलब्ध हुँदा त्यसले कृषि उपज बढाउन र उत्पादकत्वमा समेत वृद्धि हुने मन्त्री भुसालले जानकारी दिनुभयो ।

**उद्योगी व्यवसायीलाई पनि राहत**

यस्तै उद्योग व्यवसायको विकास र विस्तारका लागि सरकारले डिमाण्ड शुल्कमा छुट दिएको छ । सरकारको निर्णयलाई नेपालका उद्योगी व्यवसायीको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घले मुक्त कण्ठले प्रशंसा गरेको छ । विद्युत महशुल दर घटाउने र विद्युत् डिमाण्ड शुल्क नबढाउने विद्युत् नियमन आयोगको निर्णयको महासङ्घ हार्दिक स्वागत गर्दै कोभिडको सङ्कटमा रहेको उद्योग व्यवसायलाई यसले थप राहत पुग्ने विश्वास लिएको छ ।

सुझावअनुसार नै डिमाण्ड शुल्क वृद्धि नगर्ने निर्णयले निजी क्षेत्र उत्साही भएको उल्लेख गर्दै महासङ्घले त्यसका लागि मन्त्री भुसाल, मन्त्रालयका अधिकारी, विद्युत् नियमन आयोग, प्राधिकरण पदाधिकारीलाई धन्यवाद दिएको छ । यो निर्णयबाट आर्थिक गतिविधि विस्तारमा सहयोग पुग्ने महासङ्घको विश्वास छ ।

आयोगका अध्यक्ष डिल्लीबहादुर सिंह सरकारको नीति तथा कार्यक्रमलाई समेत हेरेर सहुलियत दरमा बिजुली उपलब्ध गराउन प्रयास गरिएको बताउनुभयो । पछिल्लो महशुल दरबाट प्रत्यक्षरूपमा लाभ पाउने नेपाली नागरिकको सङ्ख्या ठूलो रहेको उहाँको भनाइ थियो । प्राधिकरणले पनि आफूहरूले प्राप्त गरेको लाभ आमजनतामा पुगोस् भनेर नै सचेतताका साथ महशुल प्रस्ताव गरेको र सोहीअनुसार स्वीकृत भएको बताएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ आगामी वर्षमा उपभोक्तालाई अझै सहज रूपमा बिजुली उपलब्ध गराउन सकिने विश्वास व्यक्त गर्नुभयो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाँझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# 'अर्ली इलेक्सन' मा जान जरुरी छैन : नेता नेपाल

कास्की, १२ कात्तिक (रासस) । सत्ता साझेदार नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले समयअगावै प्रतिनिधिसभा निर्वाचन (अर्ली इलेक्सन) मा जानु जरुरी नभएको बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिले शुक्रबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा 'अर्ली इलेक्सन'बारे सञ्चारकर्मीको जिज्ञासामा उहाँले अगावै चुनाव गर्नु आवश्यक नरहेको भन्दै स्थानीय, प्रदेश र सङ्घीय चुनाव एकै पटक गर्नुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष नेपालले भन्नुभयो, "किन अर्लीमा जानु ? अर्लीमा जानु जरुरी छैन । मिल्छ कि मिल्दैन छलफल गर्नुपर्ला, कानुनी जटिलता छ की छैन थाहा छैन, पाँच दलमा छलफल भएको पनि छैन तर मलाई लागेको चाँहि सबै चुनाव एकैपटक गराउनुपर्छ भन्ने हो ।" निर्वाचन खर्च र राष्ट्को सम्पत्ति जोगाउनका लागिसमेत निर्वाचन छुट्टाछुट्टै गर्न नहुनेमा उहाँले जोड दिनुभयो ।

माओवादी केन्द्रसँग तत्काल पार्टी एकता सम्भव नभएको भन्दै अध्यक्ष नेपालले एकीकृत समाजवादीलाई चुनावसम्म बलियो र शक्तिशाली पार्टी बनाइने जिकिर गर्नुभयो । "वामपन्थी पार्टी मिलुन्, सबै कम्युनिष्ट एक ठाउँमा आउन् भन्ने चाहना केही व्यक्तिको होला । त्यो राम्रो कुरा पनि हो तर माओवादीसँग तत्काल एकता सम्भव छैन । चुनाव अघि हामी एकता होइन यो पार्टीलाई बलियो र शक्तिशाली बनाएर अघि बढ्छौं ।" उहाँले भन्नुभयो ।

एमालेमा फर्किने कुरामा कल्पना समेत नगरिएको बताउँदै अध्यक्ष नेपालले अहिले एमालेमा बसेकाको बेहाल भएको र भविष्यसमेत नरहेको जिकिर गर्नुभयो । एकीकृत समाजवादीलाई विचार र नीतिप्रधान पार्टी बनाउँदै सर्वहारा श्रमजीवी जनताको पार्टीका रूपमा स्थापित गरिने र आगामी निर्वाचनमा पाँच दलीय गठबन्धनसँग मिलेर अघि बढ्ने उहाँको भनाइ थियो ।

# पाँच सय ४९ जना संक्रमित, ५ सय ६९ निको

काठमाडौं, १२ कात्तिक (रासस) । नेपालमा पछिल्लो २४ घण्टामा ५४९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको तथ्याङ्कमा नौ हजार ७४६ जनामा कोरोना परीक्षण गर्दा ५४९ जनामा सङ्क्रमण पाइएको हो ।

शुक्रबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित १० हजार १५१ जना रहेका छन् । ५०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला चार र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला नौ रहेका छन् । ५०० भन्दा बढी सङ्क्रमण हुने जिल्लामा काठमाडौं, ललितपुर, भक्तपुर र कास्की रहेका छन् । सङ्क्रमण दर १८.५ प्रतिशत रहेको छ । सङ्क्रमित शून्य रहेका जिल्ला मुगु मात्र रहेको छ ।

पछिल्लो २४ घण्टामा ५६९ जनाले सङ्क्रमणमुक्त भएका छन् । यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ९० हजार ३५८ पुगेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.३ प्रतिशत रहेको छ ।

यसैगरी शुक्रबार कोरोना सङ्क्रमणबाट छ जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ३८८ जनाको निधन भएको छ । होम आइसोलेसन नौ हजार ३७९, संस्थागत आइसोलेसनमा ७७२, सघन उपचार कक्ष (आइसियु)मा २४२ र भेन्टिलेटरमा ७८ जना रहेका छन् ।

शुक्रबार एक लाख २५ हजार ५२७ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ८६ लाख ६२ हजार २५० पहिलो मात्रा र ६९ लाख ८४ हजार १५७ पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

# ‘विश्वमा बर्सेनि एक करोड ३० लाखलाई पक्षाघात’

काठमाडौँ, १२ कात्तिक (रासस)।

विश्वमा वर्सेनि एक करोड ३० लाख व्यक्तिलाई पक्षाघात हुने गरेको पाइएको छ। विश्व पक्षाघात दिवसका अवसरमा धापासीस्थित ग्राण्डी अन्तर्राष्ट्रिय अस्पतालले शुक्रबार आयोजना गरेको कार्यक्रममा वरिष्ठ चिकित्सक एवं न्यूरोलोजिष्ट डा राजु पौडेलले विश्वमा बर्सेनि एक करोड ३० लाख व्यक्तिलाई पक्षाघात हुने गरेको तथ्याङ्क सार्वजनिक भएको बताउनुभयो।

“पक्षाघात भएकामध्ये एक तिहाइले अकालमा ज्यान गुमाउनुपरेको छ, यसलाई भयावह हुन नदिन सरकारले विशेष ध्यान दिनु जरुरी छ”, उहाँले भन्नुभयो। विश्वमा हरेक चार जनामा एक जनालाई र छ सेकेण्डमा एक जनालाई पक्षाघातको सम्भावना रहेको डा पौडेलको भनाइ थियो। उहाँले नेपालजस्तो अल्पविकसित र विकासोन्मुख देशमा पक्षाघातको दर बढी भएकाले सरकारले समयमै ध्यान दिनु जरुरी रहेको उल्लेख गर्नुभयो। नेपालमा अहिले पक्षाघात भएकामध्ये १० प्रतिशतको मृत्यु हुने गरेको तथ्याङ्क छ।

डा पौडेलले उच्च रक्तचाप, मधुमेह, मोटोपन, धुम्रपान, निस्क्रिय जीवन पद्धति, असन्तुलित आहार र मुटुको चाल गढबढ हुँदा पक्षघातको सम्भावना हुने भएकाले त्यसप्रति सतर्क रहन हुनुपर्दछ। सन्तुलन गुम्नु, अनुहार बाङ्गो हुनु, आँखाको ज्योति अचानक गुम्नु, बोली लरबराउनु, हातखुट्टा लुरो हुनु पक्षाघातको लक्षण भएको र यस्ता लक्षण देखिए साढे चार घण्टाभित्रै अस्पताल पुग्न सकेमात्र उपचार सम्भव रहेको उहाँले बताउनुभयो।

पक्षाघात हुँदा शरीरमा रगत जम्ने भएकाले रगत पातलो बनाउने औषधि प्रयोग गरेर बिरामीको उपचार गरिने र यसका अलावा बिरामीलाई फिजियोथेरापी गर्नुपर्ने समेत डा पौडेलको भनाइ थियो।

शुक्रबार २९ अक्टोबरअर्थात् विश्व पक्षघात दिवसका अवसरमा काठमाडौँको महाराजगञ्जदेखि सामाखुशी चोकसम्म जनचेतनामूलक कार्यक्रमसहित पदयात्रा गरिएको थियो।

उक्त अस्पताल, नेशनल न्यूरो सेन्टर र नेपाल पक्षाघात सङ्घको आयोजनामा गरिएको उक्त कार्यक्रममा अस्पतालका चिकित्सक, नर्स, कर्मचारी, सङ्घका पदाधिकारी एवं न्यूरो सेन्टरका कर्मचारीको सहभागिता थियो।

***कार्यकर्ता ...***

बुधबार बिरोध सभा र बिहीबार हरेक वडामा यूवा दस्ता प्रशिक्षण लगायतका आन्दोलन कार्यक्रम सम्पन्न गरिसकेका सो पार्टीले शनिबार अधिवेशन कार्यक्रम र आइतबार आन्दोलनको समिक्षा गरि आन्दोलनका थप सशक्त कार्यक्रम घोषणा गर्ने तयारी गरेको पार्टीका जिल्ला सचिव थानेश्वर साहले जानकारी दिए। यस्तै पार्टीका वरिष्ठ नेता अनिस अंसारीले भ्रष्टाचारको अन्त्य तथा कार्यकर्ता रिहाईका लागि थालिएको आन्दोलन अझ सशक्त रुपमा अघि बढ्ने बताए।

मसाल जुलुस पश्चात् आयोजित बिरोधसभालाई वरिष्ठ नेता अंसारी, जिल्ला सचिव साहलगायतले सम्बोधन गर्दै पक्राउ परेका कार्यकर्ताको रिहाई तथा भ्रष्टाचार उन्मूलन नभएसम्म आन्दोलन अझ सशक्त रुपमा अघि बढ्ने चेतावनी समेत दिएका थिए।

# कांग्रेसको कार्यवाहक सभापतिको जिम्मेवारी निधिलाई

काठमाडौँ, १२ कात्तिक (रासस)।

नेपाली कांग्रेसको कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति विमलेन्द्र निधिलाई दिइएको छ।

सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलनका अवसरमा हुन गइरहेको वर्ल्ड लिडर्स सम्मेलनमा सहभागी हुन शुक्रबार बिहान बेलायत प्रस्थान गरेपछि उपसभापति निधिलाई कार्यवाहक सभापतिको जिम्मेवारी दिइएको हो।

उपसभापति निधिलाई नेपाली कांग्रेसको विधान, २०१७ (संशोधनसहित) को धारा २५ को उपधारा (१३) बमोजिम पार्टी आफू स्वदेश नफर्कञ्जेलसम्मका लागि सभापति देउवाले उपसभापति निधिलाई कार्यवाहक सभापति तोक्नुभएको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।


# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोबाईल नं. ९८५२८२०९३५**


# विश्व समाचार

## पूर्ण मात्रा खोप लगाएका व्यक्तिले पनि कोराना सार्न सक्छन्

लण्डन, १२ कात्तिक (रासस/एएफपी)।

बेलायतमा गरिएको एक अध्ययनअनुसार कोभिड-१९ विरुद्धको पूर्ण मात्रा खोप लगाएका व्यक्तिहरूलाई पनि कोभिड सङ्क्रमण भएको पाइएको छ। त्यस्ता व्यक्तिहरूबाट अरूलाई पनि सङ्क्रमण हुने गरेको पाइएको छ। उक्त अध्ययनअनुसार दुई मात्रा खोप लगाएका व्यक्तिले पनि खोप नै नलगाएका व्यक्तिले जत्तिकै सङ्क्रमण फैलाउन सक्ने सम्भावना देखिएको छ। लक्षण भए पनि नभए पनि खोप लगाइसकेका तर सङ्क्रमण भएका मानिसले सङ्गै बस्ने खोप नलगाएका अरू मानिसमा कोरोनाभाइरस सार्ने सम्भावना ३८ प्रतिशत रहेको सो अध्यननले देखाएको छ। उनीहरूले पाँच मध्ये दुई जनालाई कोभिड सार्न सक्छन्।

तर सङ्गै बस्ने सबै जनाले पूर्ण मात्रामा कोभिड विरुद्धको खोप लगाएका छन् भने त्यस्तो सम्भावना २५ प्रतिशत मात्र हुने पनि अध्यननले देखाएको छ।‘द लान्सिट इन्फेक्सस डिजिजेज’को अध्ययनबाट किन अत्यधिक मानिसलाई खोप दिनु महत्त्वपूर्ण छ भन्ने स्पष्ट भएको शोधकर्ताहरूले बताएका छन्।

खोप नलगाएका मानिसहरू आफूलाई कोभिड सर्ने जोखिमबाट जोगिन खोप लगाएका अरु मानिसप्रति ढुक्क नहुन विज्ञहरूले सुझाएका छन्। खोपले कोरोनाभाइरस सङ्क्रमणबाट हुने गम्भीर समस्या र मृत्युबाट जोगाउन सहयोग गर्ने अध्ययनले देखाएको छ। तर सङ्क्रमण रोक्न भने पूर्णरूपमा त्यति प्रभावकारी भनरे नहुन सक्छ। विशेषगरी भाइरसका डेल्टा भेरिअन्टजस्ता बढी सङ्क्रामक बनेका बेला तिनले कोभिड सर्नबाट रोक्न सक्दैनन्।

अनि बिस्तारै खोपले दिने प्रतिरोधात्मक सुरक्षा घट्दै जान्छ र खोपको अतिरिक्त मात्रा आवश्यक पर्छ। त्यसैले सबैले अनिवार्यरूपमा पूर्ण मात्राको खोप लिन विज्ञले सुझाएका छन्।गत सेप्टेम्बरसम्म एक वर्ष लगाएर गरिएको उक्त अध्ययनमा लण्डन र बोल्टनमा कोभिडका लागि पीसीआर परीक्षण गरेका ४४० घरपरिवारलाई छनोट गरिएको थियो। खोप नलगाएका मानिससँग तुलना गर्दा पूर्ण मात्रामा खोप लगाएका मानिसमा डेल्टा भेरिअन्ट सरेर कोभिड हुने कम तर उल्लेख्य जोखिम भने भएको देखिएको छ।

## अफ्रिकालाई सहयोग गर्न संयुक्त राष्ट्रसंघको आग्रह

संयुक्त राष्ट्रसंघ, १२ कात्तिक (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघले अफ्रिकालाई विभिन्न क्षेत्रमा सहयोग गर्न आग्रह गरेको छ। बिहीबार संयुक्त राष्ट्रसंघका उपमहासचिव अमिना मोहमदले सो कुरा बताउनुभएको हो। उहाँले सुरक्षा परिषदमा ब्रिफिङका क्रममा अफ्रिकालाई सहयोग गर्न भन्नुभएको हो। उहाँले भन्नुभएको थियो कि अफ्रिकालाई यतिखेर खासगरी सबैभन्दा बढी सहयोग काभिड १९ का विरुद्धमा चाहिएको छ।

अफ्रिकालाई कोभिडका विरुद्धमा खोप तथा अन्य स्वास्थ्य सामग्रीहरु सहयोग गर्न विश्वका नेताहरुमा ऐक्यबद्धता हुनुपर्ने उहाँले बताउनुभएको थियो।साथै उहाँले यसका अतिरिक्त दिगो विकास र आर्थिक क्षेत्रमा पनि अफ्रिकालाई विश्वका देशहरुले ऐक्यबद्ध भएर सहयोग गर्नु पर्दछ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसका तर्फबाट उहाँले राष्ट्रसंघीय सुरक्षा परिषदमा बोल्दै अफ्रिकालाई अहिले विशेष गरी तीन क्षेत्रमा सहयोग चाहिएको धारणा राख्नुभएको हो। उहाँले तत्कालका लागि अफ्रिकालाई खोप चाहिएको बताउनुभयो।

उहाँले भन्नुभयो- अहिले तत्कालै अफ्रिकालाई कोभिडको खोप अति अवाश्यक छ र यसका लागि विश्वका देशहरुले खोप तथा खोप किन्नका लागि अनुदानको आवश्यकता परेको छ।└ त्यस बाहेक अफ्रिकालाई अन्य दिगो विकासका साथै आर्थिक सहयोग लगायतका क्षेत्रमा सहयोग आवश्यक परेको भन्दै यसका लागि विश्वका देशहरुको ऐक्यबद्धता आवश्यक रहेको पनि उहाँले बताउनुभयो।

## भारतमा कोरोना संक्रमितको संख्या तीन करोड ४२ लाख ४६ हजार १५७ पुग्यो

नयाँ दिल्ली, १२ कात्तिक (रासस/सिन्ह्वा)।

भारतमा गएको २४ घण्टामा १४ हजार ३८४ जना कोरोनाका सङ्क्रमति थपिएपछि कूल सङ्क्रमितको संख्या तीन करोड ४२ लाख ४६ हजार १५७ पुगेको केन्दीय स्वास्थ्य मन्त्रालयले शुक्रबार जानकारी दिएको छ।

सोही अवधीका कोरोना सङ्क्रमणबाट ८०५ जनाको मृत्यु भएपछि यस रोगबाट ज्यान गुमाउनेको कूल संख्या चार लाख ५७ हजार १९१ पुगेको छ। एकै दिनमा कोरोनाबाट ज्यान गुमाएका यी व्यक्तिहरुमा ७०८ जना केरला राज्यका रहेका छन्।

हाल भारतमा एक लाख ६१ हजार ३३४ जना सक्रिय सङ्क्रमित रहेका छन्। भारतमा कोरोना शुरु भएदेखि तीन करोड ३६ लाख २७ हजार ६३२ जना व्यक्ति कोरोना मुक्त भएका छन्। गत २४ मात्र १३ हजार १९८ जना कोरोना मुक्त भएका पनि समाचारमा जनाइएको छ।

# पुर्नोत्थानशिलता विश्लेषण तथा जिविकोपार्जन सम्बन्धी गोष्ठी सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १२ कात्तिक ।**

जीवन पद्वति, जलवायु जन्य, जोखिम उत्थानशिलता तथा खाध सुरक्षा बिचको अन्तरसम्बन्ध विश्लेषण कार्यका लागि एक दिने अन्तरक्रिया गोष्ठी शुक्रबार राजविराजमा सम्पन्न भएकोछ ।

राष्ट्रिय योजना आयोग, विश्व खाध कार्यक्रमको सहकार्यमा प्रदेश नीति, तथा योजना आयोगले विश्व खाध कार्यक्रम र युके सरकारको जलवायु कार्यालयको सहकार्य तथा जिससको समन्वयमा सप्तरीका ९ वटा स्थानिय तहसँग सो गोष्ठीको आयोजना गरिएको हो ।

सप्तरीमा खाध सुरक्षाको अबस्था, जिविकोपार्जन क्षेत्रको पहिचान, जलवायु परिवर्तन, बिपतको घटना सम्बन्धमा पालिका स्तरिय जानकारी लिनु सँगै तथ्यांक चित्रण गरी नीति निर्माण तथा कार्यक्रम बनाएर लागू गर्ने उद्देश्यले गोष्ठीको आयोजना गरिएको विश्व खाध कार्यक्रम (डब्लुएफपी) प्रदेश २ का संयोजक कृष्ण माझीले जानकारी दिएका छन ।

पालिका स्तरमा क्लाईमेट अनुसार खाध सुरक्षाको अभावसँगै जिविकोपार्जनका लागि पालिकाको २५ प्रतिशत घरधुरी सलग्न रहेको क्षेत्रमा जिविकोपार्जन सम्बन्धी कार्यक्रम संचालन गर्ने प्रदेश संयोजक माझीले बताए ।

उक्त अवसरमा जिल्ला समन्वय समिति सप्तरी प्रमुख प्रभाकर यादबले कृषि प्रधान देश भनिएपनि कृषिमा लगानी सँगै किसानको खाधको सुरक्षाको ग्यारन्टी र बजारीकरण नभएको कारण किसान मारमा परेको उल्लेख गरे ।

यसैगरी कृषि ज्ञान केन्द्र राजबिराजका प्रमुख राजेन्द्र प्रसाद यादबले संघिय, प्रदेश र स्थानिय सरकारको नीति र नियत ठिक नभएको कारण देश कृषिमा बिकास गर्न नसकेको आरोप लगाए ।

जिसस प्रमुख प्रभाकर यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा राजबिराज नगर उपप्रमुख साधना झा, खाध सुरक्षा कार्यक्रम प्रदेश १ का संयोजक लक्ष्मी चौधरी र प्रदेश ३ का राजु क्षेत्री लगायतले खाध सुरक्षा सँगै जिविकोपार्जन गर्न ठोस नीति तथा कार्यक्रम लागू गर्नुपर्नेमा जोड दिएका थिए ।

उक्त गोष्ठीमा तिलाठी कोईलाडी गाउपालिका, राजबिराज नगरपालिका, महदेवा गाउपालिका, डाक्नेश्वरी नगरपालिका, बिष्णुपुर गाउपालिका, राजगढ गाउपालिका लगायत ९ वटा पालिकाका उपप्रमुख, बिपत, कृषि, स्वास्थ शाखाका प्रतिनिधिहरूको सहभागीता रहेको थियो ।

# अधिकारकर्मी, गायिका लगायत एक दर्जन भन्दा बढी एमाले प्रवेश




**दैनिक समाचारदाता**
**राजविराज, १२ कात्तिक ।**

नेकपा (एमाले) निकट अखिल नेपाल महिला संघ (अनेमसंघ)द्वारा राजविराजमा शुक्रबार आयोजित प्रदेश स्तरिय विस्तारित वैठक तथा शुभकामना आदानप्रदान कार्यक्रममा अधिकारकर्मी अनीता देवकोटालगायत एक दर्जन बढी महिलाहरु सो पार्टीमा प्रवेश गरेका छन् ।

एकल महिला समूह प्रदेश २ की अध्यक्ष एवम् महिला मानव अधिकार रक्षक सञ्जाल सप्तरीकी अध्यक्ष देवकोटालगायत गायिका एवम मैथिली अभियानी कञ्चन झा, अधिकारकर्मीहरु सुनरवती यादव, मन्जु साहलगायत प्रवेश गरेकी हुन् ।

कार्यक्रममा राष्ट्रिय सभाकी सदस्य एवम् अनेमसंघकी सचिवालय सदस्य तुलसाकुमारी दाहालले उनीहरुलाई टिका र गम्छा लगाएर अनेमसंघ प्रवेश गराइन् ।

कार्यक्रममा हरिवन नगरपालिकाकी उपमेयर रेणुका पौडेल, इश्वरपुर नगरपालिकाकी उपमेयर एकावती चौधरी, मिथिला नगरपालिकाकी उपमेयर तारा बस्नेत लामा र लहान नगरपालिकाकी उपमेयर सरियार चौधरीले मन्तव्य राखेही थिइन् ।

विस्तारित वैठक तथा शुभकामना आदानप्रदान कार्यक्रममा सप्तरी एमाले उपाध्यक्ष अब्दुल मजिद साकिर, सचिव देवनाथ यादव, राष्ट्रिय परिषद् सदस्यहरु शैलेन्द्रचन्द्र झा, सुखराम यादव, किसान संघका राजाराम यादव, युवा नेता अखिलेश झा, अनेरास्ववियुका सचिवालय सदस्य ललितनारायण रजक, प्रेस चौतारीका पिन्टु यादवलगायतकाले शुभकामना मन्तव्य दिएका थिए ।

यसैगरी विस्तारित वैठकले १ सय २१ सदस्यीय प्रदेश कमिटी विस्तार गर्ने निर्णय गर्दै नवगठित कमिटीका सदस्यहरुलाई शपथ ग्रहण गराइएको छ । अनेमसंघकी सचिवालय सदस्य एवम प्रदेश २ की संयोजक रन्जु झाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश २ का आठवटै जिल्लाका अगुवा महिलाहरुको सहभागिता रहेको थियो ।

# जनमतका कार्यकर्ताले प्रअलाई चप्पलले पिटे

**दैनिक समाचारदाता**
**धनुषा, १२ कात्तिक ।**

जनमत पार्टीका कार्यकर्ताले शुक्रबार धनुषाका एक प्रधानाध्यापकलाई चप्पलले पिट्दै दूर्व्यवहार गरेका छन् ।

धनुषाको सवैला नगरपालिकास्थित फकिर चन्द उच्च माध्यमिक विद्यालय बरकुर्वा, रघुनाथपुरका प्रधानाध्यापकलाई दूर्व्यवहार गरेका हुन् ।

पार्टीका कार्यकर्ताले विभिन्न मागसहित पछिल्लो चार दिनदेखि आन्दोलित विद्यार्थीहरुको माग सुनुवाई नगरेको भन्दै प्रधानाध्यापकलाई चप्पलले पिटेका हुन् ।

विद्यार्थीहरुले नियमित पठन-पाठन हुनु पर्ने, शिक्षकको व्यवस्थापन हुनु पर्ने, विभिन्न शुल्कको नाममा लिइएको रकमको बील विद्यार्थीहरुले पाउनु पर्ने माग गरेका छन् ।

त्यस्तै, कक्षा ११ र १२ का विद्यार्थीहरुले पुस्तक पाउनु पर्ने, विद्यालयका नाममा आएका सामाग्रीहरु विद्यालयमा राख्नु पर्ने, विद्यालय सुधारका लागि सरोकारबालाहरुको बृहत भेला गरी अन्य विषयहरुमा निर्णय लिनु पर्ने पनि उनीहरुको माग छ ।

यसअघि जनमत पार्टीका कार्यकर्ताले जनकपुरमा खानेपानी तथा ढल निकासका निमित्त प्रमुख राजेश्वर कुशवाहालाई कुटपिट तथा दुर्व्यवहार गरेका थिए ।

कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

राष्ट्रिय जनगणना २०७८
मेरो गणना-मेरो सहभागिता

- जनगणनामा स्वयं सहभागी भएमात्र गणना पूर्ण हुन्छ ।
- सबैले घरमा आउने गणकलाई सहयोग गरौं ।
- आफ्नो तथा परिवारका व्यक्तिहरुको विवरण टिपाऔं ।
- आफ्नो नाता, कुटुम्ब, साथीभाइ, छरछिमेकी र चिनेजानेका सबैलाई जनगणनामा सहभागी हुन प्रेरित गरौं ।

गणना गर्ने अवधिः कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*